*Affiliated to Tribhuvan University*

# Gupteshwor Mahadev Multiple Campus

**Pokhara-17, Chhorepatan, Kaski**

## Research Management Cell

मिति : २०७७/०४/२२

## लेख आह्वानसम्बन्धी सूचना

उपर्युक्त सम्बन्धमा गुप्तेश्वर महादेव बहुमुखी क्याम्पसमा निहित अनुसन्धान व्यवस्थापन समिति पोखराको मिति २०७७ असार १७ गते बसेको बैठकले यस क्याम्पसबाट प्रत्येक वर्ष नियमित रूपमा प्रकाशित गरिँदै आएको Peer Reviewed Journal, Journal of Interdsciplinary Studies को आठौँ अङ्क प्रकाशन गर्ने निर्णय गरेको व्यहोरा सहर्ष जानकारी गराउँदै क्याम्पसमा कार्यरत स्थायी, पूर्णकालीन, आंशिक अध्यापकहरू तथा अनुसन्धाताहरुले आफूले अध्यापन गराउने सम्बन्धित विषय तथा रुचिक्षेत्रसँग सम्बन्धित अनुसन्धानमूलक लेख तयार गरी समिति समक्ष निम्न ठेगानामा निम्नढाँचाको लेख तयार गरी पेश गर्नु हुन अनुरोध गरिन्छ:

- लेखको माध्यम भाषा नेपाली, अङ्ग्रेजी र संस्कृतमध्ये कुनै एक हुनु पर्ने,
- लेखको आयाम कम्तीमा ३००० शब्ददेखि बढीमा ७००० शब्दसम्मको हुनु पर्ने,
- लेख Apa / Mla मध्ये कुनै एक ढाँचामा हुनु पर्ने,
- लेखको संगठन सामान्यतया शीर्षक, सार, मुख्य शब्द र शब्दावली, परिचय, पृष्ठ, भूमिका, विषयप्रवेश, उद्देश्य, अध्ययन विधि र प्रक्रिया, छलफल, नतिजा, व्याख्या विश्लेषण (शीर्षक उपशीर्षकमा), निष्कर्ष , सन्दर्भसूची आदिको ढाँचामा हुनु पर्ने,
- नेपाली र संस्कृतका लागि Preeti फन्ट र अक्षर आकार १६ तथा अङ्ग्रेजीका लागि Times New Roman फन्ट र अक्षर आकार १२ हुनु पर्ने,
- समकक्षी, विज्ञ वा समीक्षकबाट आएका सुझावलाई मुख्य आधार मानी प्रकाशनयोग्य लेखलाई मात्र प्रकाशन गरिने,
- लेख पूर्व प्रकाशित हुन नहुने,
- लेख कुनै जाति, समुदाय तथा व्यक्तिप्रति आक्षेपात्मक हुन नहुने र लेखमा व्यक्त विचार, मान्यता, धारणाको उत्तरदायित्व लेखकमा नै रहने ; त्यसले संस्था र सम्पादन समितिको धारणा नजनाउने,
- समयसीमाभन्दा पछाडि आएका लेखलाई प्रकाशन गर्न नसकिने,
- लेखकले सम्भव भएसम्म नवीनतम र महत्त्वपूर्ण क्षेत्र छनोट गर्नु पर्ने,
- लेख अनिवार्य रूपमा Soft copy मा बुझाउनु पर्ने ।

***लेख उपलब्ध गराउने ठेगाना :*** gmmc.rmc@gmail.com, gmmcresearch@gmail.com
***लेख बुझाउनु पर्ने मिति: २०७७ भाद्र मसान्त***
***थप जानकारीका लागि : ९८५६००१६०५ , ९८६४७९०९८५, ०६१-४६५६७७***

..............................

**संयोजक**

अनुसन्धान व्यवस्थापन समिति